अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १० मितिः २०७९/०७/२२

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको माईतीको पोषिलो कोसेली (झोला) कार्यक्रम सन्चालन कार्यविधि,२०७९ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# माईतीको पोषिलो कोसेली ( झोला )कार्यक्रम

# सन्चालन कार्यविधि २०७९

## पृष्ठभूमी

नेपाल संविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधान बमोजिम राज्यका संघ,प्रदेश र स्थानिय तहले सम्पादन गर्ो कार्यहरुको एकल तथा साझा अधिकारमा रहि **"स्थानिय सरकार सञ्चालन ऐन २०७४"** मा व्यवस्था भए बमोजिम आधारभुत स्वास्थ्य सेवा प्रजन्न् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने हेतुले अजिरकोट गाउँपालिका भित्र रहेका महिला तथा बालबालिकाहरुको पोषणको अवस्था सुधार गर्न साथै गर्भवती महिलाहरुको कम्तिमा चार पटक गर्भजाँच गरि गर्भको जोखिम न्यूनिकरण गर्दै आमा र बच्चाको पोषण स्थितीको सुधार गर्दै गर्भ जाँचको बृद्धि गरि आमा र बच्चाको बिरामी दर कम गर्ने यो कार्यक्रम फलदायीहुने आसा गरिएको छ ।

## संक्षिप्त विवरण

**उद्धेश्य** : माईतीको पोषिलो कोसेली कार्यक्रम सञ्चालनका मुख्य उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् ।

क) गर्भवति महिलाको पोषणको स्थितिमा सुधार ल्याउने ।

ख) चार पटकको भेटलाई निरन्तरता कायम राख्ने ।

ग) गर्भको जाँच तथा स्वास्थ्य संस्थामा हुने प्रसुति संख्यामा बृद्धि गर्ने ।

घ) जन्मजातै हुनसक्ने कुपोषणको संख्यामा कमि ल्याउने ।

## माईतीको पोषिलो कोसेली (झोला) प्राप्तिका लागि न्युनतम मापदण्डहरु :

क) स्थानिय स्वास्थ्य संस्थामा मातृशिशु रजिष्टरमा दर्ताभई कार्ड प्राप्त गरेको हुनुपर्नेछ ।

ख) गर्भ बसेको महिनाको चौथोँ महिनाबाट मात्र पोषिलो झोला प्रदान गरिनेछ ।

ग) चौथौं महिनापछि आएमा छैठौं महिनाको प्याकेजबाट मात्र सरु गरिनेछ ।

ङ) आठौं महिनापछि आएमा अन्तिम प्याकेज मात्र प्रदान गरिनेछ ।

च) प्रसुती हुन सुचिकृत स्वास्थ्य संस्थामा आए प्रसुतीको समयमा मात्र पाउने प्याकेज प्रदान गरिने छ ।

छ) यो कार्यक्रममा अजिरकोट गाउँपालिकाको स्थायी बासिन्दा वा अन्यको हकमा लगातार दुई पटकको प्याकेज सहित प्रदान गरिनेछ ।

ज) प्रसुती हुन आउनेको हकमा सुचिकृत स्वास्थ्य संस्थामा आई प्रसुती भएमा स्वास्थ्य संस्थाबाट सुत्केरी भएको अवस्थामा प्रदान गरिने प्याकेज पहिलो पटक भएपनि सबैलाई दिईने छ ।

## माईतीको पोषिलो (झोला ) कार्यक्रमका मुख्य क्रियाकलापहरु :

क) प्रथम चरण : गर्भवती भएको चौथौं महिना भित्र (१२ देखि १६ हप्ता भित्र ) १ क्यारेट अण्डा ,आधालिटर घ्यूँ प्रदान गरिनेछ ।

ख) दोस्रो चरण  : गर्भवती भएको ६ महिना भित्र (२० देखि २४ हप्ता भित्र ) गर्भवती महिलाको लागि हरेक बार खाना चारको पोषण शिक्षा ।

ग ) तेस्रो चरण : गर्भवती भएको आठौं महिना भित्र (२८ देखि ३२ हप्ता भित्र )१ क्यारेट अण्डा र आधालिटर घ्यूँ प्रदान गरिनेछ ।

घ) चौथौं चरण : गर्भवती भएको ६ महिना भित्र (२० देखि २४ हप्ता भित्र ) गर्भवती महिलाको लागि हरेक बार खाना चारको पोषण शिक्षा ।

ङ) पाचौं चरण : स्वास्थ्य संस्थामा सुतकेरी भएको अवस्थामा १ क्यारेट अण्डा र आधालिटर घ्यूँ न्यानो पछ्यौरा १ प्रदान गरिनेछ ।

**नोट :** चार महिना भन्नाले तिन महिना पुरा भएको मिति सम्झनु पर्दछ , सोही मितिमा जुकाको औषधि एक चक्की र नियमाअनुसार टि.डि खोपको सरुवात साथै गर्भको जाँच पनि नियमित र आवशकता परेमा जुनसुकै बेलामा जाँच गरिनु पर्दछ । माईतीको पोषिलो कोसेली (झोला) ले सम्बोधन नगरेको बाँकी महिना जस्तै पाँच,सात,र सुत्केरी पश्चातको समयहरुमा र गर्भ रहेदेखि बच्चा दुई वर्षको नहुदासम्म ( **सुनौलो हजार दिन** ) विषेश स्याहार ,हरेक बार खाना चार र पूर्ण स्तनपान तथा स्वास्थ्य संस्थामानै बच्चा जन्माउनको लागि स्वास्थ्यकर्मीले प्रोत्साहन गर्नुपर्दछ ।

च) स्वास्थ्य संस्थामा प्रसुति गराउन ल्याउने महिलालाई न्यानो झोला ,चार पटको जाँच गरिएको दिनको प्रति दिन रु २०० का दरले रु ८०० प्रदान गरिनेछ। साथै यातायात खर्च रु ३००० नेपाल सरकारले उपलब्ध गराईएको रकम नियमानुसार प्रदान गरिनेछ।

## पोषिलो झोला कार्यक्रम सञ्चालनको प्रक्रिया तथा बजेट परिचालन :

क) अजिरकोट गाउँपालिकाको आ.व २०६९/०८० को विनियोजित रकम ५,००,००० बाट यो कार्यक्रम को सञ्चालन तथा सुरुवात गरिनेछ। थप बजेट आवश्यक परेमा गाउँपालिकाको कार्यालयबाट पुन व्यवस्थापन गरिनेछ।

ख) एक गर्भवती महिला बराबर रु ४९०० को बजेटको व्यवस्था गरिएको छ ,जसमा प्रथम भेटमा अनुमानित रु १३०० मध्येबाट रैथानिय जातको कुखुराको अण्डा ३० ओटा र आधा लिटर घ्यूँ प्रदान गरिनेछ।

ग) दोस्रो भेटमा पोषण शिक्षा मात्र दिइनेछ।

घ ) तेस्रो भेटमा  एक गर्भवती महिला बराबर अनुमानित रु १३०० मध्येबाट रैथानिय जातको कुखुराको अण्डा ३० ओटा र आधा लिटर घ्यूँ प्रदान गरिनेछ।

**ङ)** चौथौं भेटमा पोषण शिक्षा मात्र दिइनेछ।

च ) पाचौं भेटमा  स्वास्थ्य संस्थामा सुत्केरी भएपछि अनुमानित रु २३०० मध्येबाट रैथानिय जातको **कुखु**राको अण्डा ३० ओटा र आधा लिटर घ्यूँ र न्यानो पछेउरा प्रदान गरिनेछ।

**नोट** :अनुमानित रकमको दायरा भित्र रहि सामाग्री उपलब्ध गराउने व्यवस्थापन र सरदरमा कुनै बेला घटि वा बढि भएमा अन्तमा माथिका सम्पूर्ण सामानहरु अजिरकोट गाउँपालिकाले प्रदान गरिने छ।

## सवल पक्ष :

१) प्रथम गर्भ जाँचको दरमा वृद्धि।

२ ) प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गर्ने प्रतिशतमा वृद्धि।

३) संस्थागत प्रसुति गराउने दरमा वृद्धि।

४) गर्भवती महिलाको पोषणमा सुधार।

५) गर्भ अवस्थामा पोषणको महत्व प्रस्ट्याउन सजिलो भएको ।

६) स्थानीय उत्पादनलाई प्रोत्साहन भएको ।

**चुनौतिहरु :**

प्रत्यक वर्ष गाउँपालिकाले बजेट विनियोजित गर्नुपर्ने ।

गाउँपालिकाबाट प्रदान गरिने सेवाको कारणले घरैमा उत्पादनहुने खाध्यवस्तु उत्पादनको सट्टा परनिर्भता बढ्ने ।

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत